विषय सुची

१. विषय प्रवेश २
२. नेपाल सरकारले आ.व. २०८०/८१ को लागि प्रस्ताव गरेको खर्च र स्रोत २
  २.१. खर्चको प्रस्ताव २
  २.२. स्रोतको प्रस्तावः २
३. विगत पाँच वर्षको बजेट र वास्तविक खर्चको सिंहावलोकन ३
  ३.१. अनुमान र यथार्थको तुलना ३
  ३.२. कूल राजस्व स्रोत (अनुमान र यथार्थ) ५
  ३.३. करको बनावट (यथार्थ_ ६
  ३.४. आन्तरिक राजस्व र भन्सारमा आधारित करको हिस्सा ८
  ३.५. करको प्रगतिशीलता ८
४. आर्थिक विधेयक, २०८० ले प्रस्ताव गरेको नयाँ कर र प्रचलित कर कानुनको संशोधन ९
  ४.१. आ.व. ०८०/८१ देखि लागू हुने नयाँ कर र यसले पार्ने प्रभाव ९
  ४.२. प्रचलित कर कानुनमा आर्थिक विधेयकमार्फत गरिएको व्याख्या र यसले पार्ने प्रभाव ९
  ४.३. प्रचलित कर कानुनमा गरिएको संशोधन प्रस्ताव र यसले पार्ने प्रभाव ११
  ४.४. आर्थिक विधेयकका प्राबधान लागू गर्न गरिएको विगतको अभ्यास १२
  ४.५. आर्थिक विधेयकका प्राबधानको प्रगतिशीलता १२
५. शिक्षा बजेटको विश्लेषण १२
  ५.१. विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा छुट्याइएको बजेट..१२
  ५.२. विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा भएको यथार्थ खर्च..१३
  ५.३. शिक्षा क्षेत्रको खर्चको स्रोत १३
६. ट्याक्सएड एलाएन्सको सुझाव र आर्थिक विधेयक, २०८० ....१४

१. विषय प्रवेश

माननीय अर्थमन्त्री प्रकाशशरण महतले वि.सं. २०८० जेठ १५ गते संघीय व्यवस्थापिकाको दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष (आ.व.) २०८०/८१ को लागि संघीय बजेट पेश गर्नु भएको थियो । नेपालको प्रचलित अभ्यास अनुसार बजेट वक्तव्यसँगै आर्थिक विधेयक, २०८०; विनियोजन विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० पनि पेश गर्नु भएको थियो ।

यस विश्लेषणात्मक कागजातमा नेपालको बजेट वक्तव्यमा समावेश भएको नेपालको बजेटको विश्लेषण र आर्थिक विधेयक, २०८० बाट प्रस्ताव गरिएको प्रचलित कर कानुनको संशोधन प्रस्ताव र नयाँ करको प्रस्तावको कर न्याको कोणबाट विश्लेषण गरिएको छ ।

२. नेपाल सरकारले आ.व. २०८०/८१ को लागि प्रस्ताव गरेको खर्च र स्रोत

बजेट वक्तव्यमा उल्लेख भए अनुसार संघीय सरकारले आ.व. २०८०/८१ को लागि प्रस्ताव गरेको कूल खर्च र सो खर्चहरुको स्रोत देहायबमोजिम रहेको छ:

२.१. खर्चको प्रस्ताव

(रकम रु. लाखमा)

खर्च शीर्षक	प्रस्तावित रकम रु.	प्रतिशत
चालु खर्च	७,४१,६९,७१	३८.५३%
पुँजीगत खर्च	३,०२,०७,४४	१५.६९%
वित्तीय हस्तान्तरण	४,००,०८,७०	२०.७८%
सार्वजनिक संस्थानमा ऋण लगानी	६७,५९,६३	३.५१%
संस्थानमा शेयर लगानी	१४,३३,२४	०.७४%
वैदेशिक शेयर लगानी	३५,००	०.०२%
ऋणपत्रमार्फत प्राप्त स्वदेशी ऋणको साँवा भुक्तानी	१,८२,५५,७४	९.४८%
वैदेशिक ऋण साँवा भुक्तानी	४२,६१,७५	२.२१%
राजस्व बाँडफाँटमार्फत प्रदेश र स्थानीय तहमा सोझै हस्तान्तरण हुने राजस्व	१,७३,९२,१७	९.०३%
कूल रकम रु.	**१९,२५,२३,३८**	

२.२. स्रोतको प्रस्ताव:

(रकम रु. लाखमा)

स्रोत शीर्षक	प्रस्तावित रकम रु.	प्रतिशत
कर राजस्व	१३,०५,४७,९६	६७.८१%
अन्य राजस्व	१,१७,०६,२१	६.०८%
अनुदान	४९,९४,३०	२.५९%
आन्तरिक ऋण	२,४०,००,००	१२.४७%
वैदेशिक ऋण प्राप्ति	२,१२,७४,९१	११.०५%
कूल रकम रु.	**१९,२५,२३,३८**	

कर राजस्वमा देहायबमोजिमको हिस्सा रहेको छ:

कर शीर्षक	रकम रु. (लाखमा)	प्रतिशत
आयकर	३,५०२,९४१	२६.८३%
पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर	११८,२४३	०.९१%

सम्पत्ति कर	२	०.००%
मूल्य अभिवृद्धि कर	४,२५८,९१४	३२.६२%
अन्त:शुल्क	२,०७२,१८७	१५.८७%
विशेष सेवामा लाग्ने कर	२८,१२९	०.२२%
पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर	४७१,८६७	३.६१%
आयातमा लाग्ने भन्सार महसुल	२,४४८,४८९	१८.७६%
निर्यातमा लाग्ने भन्सार महसुल	६,९९१	०.०५%
वैदेशिक व्यापारमा आधारित अन्य कर	१४७,०३०	१.१३%
अन्य कर	२	०.००%
जम्मा	१३,०५४,७९६	

३. विगत पाँच वर्षको बजेट र वास्तविक खर्चको सिंहावलोकन

३.१. अनुमानित र यथार्थ खर्चको तुलना

आर्थिक वर्ष हरेक वर्ष श्रावण १ मा शुरु भई अर्को वर्षको आषाढ मसान्तमा समाप्त हुने र आ.व. २०७९/८० को आर्थिक वर्ष समाप्त हुन बाँकी रहेको कारण यस आ.व.को यथार्थ आय तथा व्यय रकम आषाढ मसान्त पछि मात्र उपलब्ध हुने भएकाले आ.व. २०७४/७५ देखि आ.व. २०७८/७९ सम्मको लागि संघीय बजेटमा गरिएको अनुमान र यथार्थ खर्चबीचको तुलना यस खण्डमा प्रस्तुत गरिएको छ।

बजेट वक्तव्यमार्फत गरिएको खर्च अनुमान र यथार्थ खर्चको विवरण

(रु. लाखमा)

खर्च शीर्षक	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
चालु खर्च	६,७७९,९५२	९४८९४०६*	९५७१०१४*	८,४५४,४७५	८,०३५,३१५
पुँजीगत खर्च	३,७८०,९७७	३,५२९,१७५	४,०८०,०५९	३,१३९,९८२	३,३५१,७६०
वित्तीय हस्तान्तरण	३,८७२,९८७				
सार्वजनिक संस्थानमा ऋण लगानी	८८५,०४७	५९७,०८४	३२३,६१२	३८९,७१३	३४७,६२८
अन्य संस्थामा ऋण लगानी			४०,०००		
संस्थानमा शेयर लगानी	१७२,५६३	४४३,७६३	६२४,४५३	५७९,१०५	५१७,५४१
वैदेशिक ऋण लगानी			२१,२४७		
वैदेशिक शेयर लगानी	३,५००	३,५००	२,९००	१,७००	३६,०१४
ऋणपत्रमार्फत प्राप्त स्वदेशी ऋणको साँवा भुक्तानी	४८३,१९०	४५२,७४५	३९८,२३१	३५०,६४५	२००,४७९
वैदेशिक ऋण साँवा भुक्तानी	३५०,०७६	२३०,७८१	२६८,१५५	२३५,९९७	३०१,२११
राजस्व बाँडफाँटमार्फत प्रदेश र स्थानीय तहमा सोझै हस्तान्तरण हुने राजस्व	१,२९७,७९८	१,२२१,४००	१,३०८,९५०	१,१४२,४००	
कूल अनुमानित खर्च रु.	**१७,६२६,०९०**	**१५,९६७,८५४**	**१६,६३८,६२१**	**१४,२९४,०१७**	**१२,७८९,९४८**

(सम्बन्धित आ.व.को बजेटमा अनुमान गरिएको खर्चहरु)

यस आर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको रकमलाई चालु खर्च अन्तर्गत बजेट अनुमान पेश गरिएको थियो । यथार्थ खर्चको विवरण भने प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको रकमलाई छुट्टै देखाई अन्य चालु खर्चलाई छुट्टै प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०७६/७७ कोभिड महामारीले अत्यन्त प्रभावित वर्ष रहेको थियो भने आ.व. २०७७/७८ मा सो महामारीको प्रभाव रहेको थियो ।

यथार्थ खर्चको विवरण

(रु. लाखमा)

खर्च शीर्षक	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
चालु खर्च	५,४८२,४२१	४,५१७,०२०	४,३३८,९२३	७,१६४,१७६	६,९६९,१९६
पुँजीगत खर्च	२,१६२,१३०	२,२८८,३६१	१,८९१,४०१	२,४१५,६२५	२,७०७,१३७
वित्तीय हस्तान्तरण	४,०६०,७४७	३,९४५,१५३	३,५०३,९९१		
सार्वजनिक संस्थानमा ऋण लगानी	४७३,००४	३४४,२४९	४७५,८६९	३९४,२७०	१९१,९५७
अन्य संस्थामा ऋण लगानी			५००		
संस्थानमा शेयर लगानी	१५२,२१४	२६७,७५७	१२४,३७६	५८४,५७६	४४६,०८९
वैदेशिक ऋण लगानी					
वैदेशिक शेयर लगानी	१,९५५	१,९१७	२,८९९	२,४०३	१,६८२
ऋणपत्रमार्फत प्राप्त स्वदेशी ऋणको साँवा भुक्तानी	४७३,३७८	३६९,०११	३३९,७६७	३४३,१३१	३७०,८४६
वैदेशिक ऋण साँवा भुक्तानी	२९४,१५९	२३३,२९२	२३५,६०५	२००,३९०	१८५,८९२
राजस्व बाँडफाँटमार्फत प्रदेश र स्थानीय तहमा सोझै हस्तान्तरण हुने राजस्व	१,२७८,४६२	१,१०९,४१५	१,००१,८६७	९७०,२९०	
कूल यथार्थ खर्च रु.	**१४,३७८,४७०**	**१३,०७६,१७५**	**११,९१५,१९८**	**१२,०७४,८६१**	**१०,८७२,७९९**

(सम्बन्धित आ.व.को यथार्थ खर्चहरु)

बजेटमा गरिएको अनुमान र यथार्थ खर्चबीचको तुलना

अनुमानको प्रतिशतमा यथार्थ खर्च	*आ.व. २०७८/७९*	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
चालु खर्च	८०.८६%	८१.४७%	७१.५२%	८४.७४%	८६.७३%
पुँजीगत खर्च	५७.१८%	६४.८४%	४६.३६%	७६.९३%	८०.७७%
वित्तीय हस्तान्तरण	१०४.८५%	१००*%	१००*%	०%**	०%**
सार्वजनिक संस्थानमा ऋण लगानी	५३.४४%	५७.६६%	१४७.०५%	१०१.१७%	५५.२२%
अन्य संस्थामा ऋण लगानी	०.००%	०.००%	१.२५%	०.००%	०.००%
संस्थानमा शेयर लगानी	८८.२१%	६०.३४%	१९.९२%	१००.९४%	८६.१९%
वैदेशिक ऋण लगानी	०.००%	०.००%	०.००%	०.००%	०.००%

वैदेशिक शेयर लगानी	५५.८६%	५४.७७%	९९.९७%	१४१.३५%	४.६७%
ऋणपत्रमार्फत प्राप्त स्वदेशी ऋणको साँवा भुक्तानी	९७.९७%	८१.५१%	८५.३२%	९७.८६%	१८४.९८%
वैदेशिक ऋण साँवा भुक्तानी	८४.०३%	१०१.०९%	८७.८६%	८४.९१%	६१.७१%
राजस्व बाँडफाँटमार्फत प्रदेश र स्थानीय तहमा सोझै हस्तान्तरण हुने राजस्व	९८.५१%	९०.८३%	७६.५४%	८४.९३%	०.००%
कूल अनुमानमा यथार्थ खर्च	**८१.५७%**	**८१.८९%**	**७१.६१%**	**८४.४७%**	**८५.०१%**

**यस आर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको रकमलाई चालु खर्च अन्तर्गत बजेट अनुमान पेश गरिएको थियो । यथार्थ खर्चको विवरण भने प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको रकमलाई छुट्टै देखाई अन्य चालु खर्चलाई छुट्टै प्रस्तुत गरिएकोमा यो विश्लेषण निर्माण गर्दा चालु खर्चको अनुमानबाट वित्तीय हस्तान्तरणको यथार्थ खर्च घटाई यथार्थ खर्चलाई नै अनुमानसँग तुलना गरिएकोले १०० प्रतिशत प्रगति देखिएको हो ।*

***राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा आ.व. २०७६७७ देखि मात्र प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरण शीर्षकमा रकम हस्तान्तरण शुरु गरिएकोले यो शीर्षकमा बजेट अनुमान र यथार्थ खर्चको विवरण उपलब्ध छैन । जसको कारण प्रगति शुन्य देखिएको छ ।*

कूल अनुमानको तुलनामा यथार्थ खर्च सरदरमा ८० प्रतिशतको हाराहारीमा भएको देखिन्छ । सबैभन्दा बढि प्रगति वित्तीय हस्तान्तरणमा भएको देखिन्छ, जुन रकम सरदरमा १०० प्रतिशत भएको देखिन्छ भने पुँजीगत खर्च (अनुमानको सरदर ६५ प्रतिशतमात्र यथार्थ खर्च, पछिल्लो तीन वर्षमा सरदर ६५ प्रतिशतमात्र यथार्थ खर्च भएको) गर्ने राज्यको क्षमता अत्यन्त न्युन रहेको देखिन्छ ।

३.२. कूल राजस्व स्रोत (अनुमान र यथार्थ)

आ.व. २०७४/७५ देखि आ.व. २०७८/७९ सम्मको लागि संघीय बजेटमा गरिएको अनुमान र यथार्थ खर्च वा आम्दानीबीचको तुलना यस खण्डमा प्रस्तुत गरिएको छ ।

अनुमानित स्रोतको विवरण

(रु. लाखमा)

स्रोत शीर्षक	**आ.व. २०७८/७९**	**आ.व. २०७७/७८**	**आ.व. २०७६/७७**	**आ.व. २०७५/७६**	**आ.व. २०७४/७५**
कर राजस्व	१०,६७९,६२५	९,१२९,४९०	१०,०९१,६१८	८,३८३,४७९	६,६६२,०४६
अन्य राजस्व	१,१२६,३७९	९८८,०९४	१,०२८,७१४	१,०७२,१०१	६३८,५१०
विविध प्राप्ति				-	
अनुदान	५९९,१९९	६०५,२७७	५७९,९५५	५८८,१५५	७२१,६७६
आन्तरिक ऋण	२,३९०,०००	२,२५०,०००	१,९५०,०००	१,७२०,०००	१,४५०,०००
वैदेशिक ऋण प्राप्ति	२,८३०,८८७	२,९९४,९९३	२,९८८,३३३	२,५३०,२८२	२,१४०,३५४
आन्तरिक ऋण फिर्ता					१५०,०००
कूल अनुमानित स्रोत रु.	**१७,६२६,०९०**	**१५,९६७,८५४**	**१६,६३८,६२०**	**१४,२९४,०१७**	**११,७६२,५८६**

अनुमानित स्रोतको विवरण

(रु. लाखमा)

स्रोत शीर्षक	**आ.व. २०७८/७९**	**आ.व. २०७७/७८**	**आ.व. २०७६/७७**	**आ.व. २०७५/७६**	**आ.व. २०७४/७५**

कर राजस्व	९,८४३,३२०	८,७०१,१३६	७,०००,५५५	७,३७१,१८३	६,४०१,६९५
अन्य राजस्व	८१०,११६	६५७,७५७	९३६,९१२	९२५,०२४	८६५,४८१
विविध प्राप्ति	४८५,०४९	४०४,२०१	४७५,६५८	१००,४१२	
अनुदान	२७४,८८१	३६४,८१४	२३७,१८८	२२८,९८७	३९३,१८७
आन्तरिक ऋण	२,३२६,३५५	२,२४०,०००	१,९४९,०००	९६३,८००	१,४४०,०००
वैदेशिक ऋण प्राप्ति	१,३०६,९३६	१,७२९,४८२	१,१६६,४३९	१,२४३,७२५	९२२,३२७
आन्तरिक ऋण फिर्ता					
कूल अनुमानित स्रोत	**१५,०४६,६५७**	**१४,०९७,३९०**	**११,७६५,७५२**	**१०,८३३,१३१**	**१०,०२२,६९०**

बजेटमा गरिएको अनुमान र यथार्थ स्रोत सङ्कलनबीचको तुलना

स्रोत शीर्षक	**आ.व. २०७८/७९**	**आ.व. २०७७/७८**	**आ.व. २०७६/७७**	**आ.व. २०७५/७६**	**आ.व. २०७४/७५**
कर राजस्व	९२.१७%	९५.३१%	६९.३७%	८७.९३%	९६.०९%
अन्य राजस्व	७१.९२%	६६.५७%	९१.०८%	८६.२८%	१३५.५५%
विविध प्राप्ति	०.००%	०.००%	०.००%	०.००%	०.००%
अनुदान	४५.८७%	६०.२७%	४०.९०%	३८.९३%	५४.४८%
आन्तरिक ऋण	९७.३४%	९९.५६%	९९.९५%	५६.०३%	९९.३१%
वैदेशिक ऋण प्राप्ति	४६.१७%	५७.७५%	३९.०३%	४९.१५%	४३.०९%
आन्तरिक ऋण फिर्ता	०.००%	०.००%	०.००%	०.००%	०.००%
कूल यथार्थ स्रोतको प्रगति	**८५.३७%**	**८८.२९%**	**७०.७१%**	**७५.७९%**	**८५.२१%**

माथि तालिकामा उल्लेख भए अनुसार नेपाल सरकारले अनुमान गरेको अनुसार स्रोत सङ्कलन गर्न सकेको देखिँदैन । कर राजस्वको प्रगति सरदरमा ९० प्रतिशत देखिन्छ भने आन्तरिक ऋण अनुमान अनुसार नै सङ्कलन गरिरहेको देखिन्छ । अनुदान र वैदेशिक ऋण लक्ष्य गरेको आधा मात्र सङ्कलन गर्न सकेको देखिन्छ ।

३.३. बजेट बचत वा घाटा

नेपाल सरकारको यथार्थ बजेट घाटा देहाय बमोजिम रहेको देखिन्छ:

(रकम रु. लाखमा)

आ.व.	**बजेट घाटा (ऋणलाई स्रोतमा समावेश गर्दा)**	**कैफियत**	**बजेट घाटा (ऋणलाई स्रोतमा समावेश गर्दा)**	**कैफियत**
२०७८/७९	-६६८,१८७.००	बचत	२,९६५,१०४	घाटा
२०७७/७८	-१,०२१,२१५.००	बचत	२,९४८,२६७	घाटा
२०७६/७७	१४९,४४६.००	घाटा	३,२६४,८८५	घाटा
२०७५/७६	१,२४१,७३०.००	घाटा	३,४४९,२५५	घाटा
२०७४/७५	८५०,१०९.००	घाटा	३,२१२,४३६	घाटा

आ. व. २०७४/७५ मा घाटा बजेट प्रस्तुत गरेकोमा अनुमान गरिए भन्दा कम घाटा भएको देखिन्छ । राजस्व र अनुदानलाई मात्र आधार मान्दा नेपाल सरकारको स्रोत भन्दा खर्च बढि भइरहेको देखिन्छ । यस्तो बजेट घाटाको कारण देश कर्जाको जालोमा पर्दै गएको देखिन्छ ।

खर्चको प्रकृति तथा अन्य विश्लेषण

आ.व.	२०७८/७९	२०७७/७८	२०७६/७७	२०७५/७६	२०७४/७५
चालु खर्च र राजस्वको अनुपात	१०१.७९%	१०२.५८%	११३.०८%	९७.७९%	९५.९०%
कूल खर्चमा पुँजीगत खर्चको अनुपात	१५.०४%	१७.५०%	१५.८७%	२०.०१%	२४.९०%
कूल स्रोतमा ऋणको अनुपात	२४.१५%	२८.१६%	२६.४८%	२०.३८%	२३.५७%
कूल खर्चमा ऋण फिर्ताको अनुपात	५.३४%	४.६१%	४.८३%	४.५०%	५.१२%

माथि तालिकामा देखाइए अनुसार आ.व. २०७६/७७ देखि संघीय सरकारको राजस्वले चालु खर्च समेत थेग्न सक्ने अवस्था छैन । त्यस्तै, कूल खर्चमा पुँजीगत खर्चको हिस्सा २० प्रतिशतको हाराहारी वा सो भन्दा कम छ ।
नेपाल सरकारको खर्च गर्ने स्रोतहरुमा ऋणको अनुपात वार्षिक सरदर २५ प्रतिशत रहेको देखिन्छ भने ऋण फिर्ताको अनुपात ५ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ । यसका आधारमा नेपाल सरकारको कर्जा बढिरहेको र निकट भविष्यमा स्रोतको मुख्य हिस्सा कर्जा फछ्र्यौटमा जाने देखिन्छ ।

३.४. करको बनावट (यथार्थ)

संघीय सरकारले सङ्कलन गरेको कर राजस्वको शीर्षकगत बनावट देहाय बमोजिम रहेको छः

(रकम रु. लाखमा)

कर शीर्षक	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
आयकर	२,५२१,८८५	२,२१५,०१६	२,१३२,३३०	१,८८३,०३८	१,५४७,९००
पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर	७८,०६०	६८,८९६	६५,०८१	६०,०६२	५०,९७८
सम्पत्ति कर	२	४	४३	३४	१०३
मूल्य अभिवृद्धि कर	३,१४२,७९४	२,८२०,०१८	२,२४०,१६५	२,४१६,५७५	२,०६८,०९८
अन्तःशुल्क	१,६६७,८१३	१,३७३,४४३	१,००६,३७५	१,२३९,१९९	१,०२५,७९२
विशेष सेवामा लाग्ने कर	१३,२४६	२५,६५५	४०,८५३	१५,२४६	२०,६४६
पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर	४३२,४८३	४०८,५७६	२७६,७३३	३००,७७१	३६५,९५९
आयातमा लाग्ने भन्सार महसुल	१,८७३,११३	१,६८१,८५२	१,१७५,८५६	१,३७०,०८६	१,२१६,१४८
निर्यातमा लाग्ने भन्सार महसुल	४,००६	२,८७१	१,१२४	२,३७६	१,०२४
वैदेशिक व्यापारमा आधारित अन्य कर	१०९,९१३	१०४,७९९	६०,९२४	६०,७२८	५१,४८१
अन्य कर	४	६	१,०७१	२३,०६८	५३,५६६
कूल यथार्थ कर राजस्व	**९,८४३,३१९**	**८,७०१,१३६**	**७,०००,५५५**	**७,३७१,१८३**	**६,४०१,६९५**

यस्तो रकमलाई प्रतिशतमा विभाजन गर्दा देहाय बमोजिम हुन आउँछः

कर शीर्षक	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
आयकर	२५.६२%	२५.४६%	३०.४६%	२५.५५%	२४.१८%
पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर	०.७९%	०.७९%	०.९३%	०.८१%	०.८०%
सम्पत्ति कर	०.००%	०.००%	०.००%	०.००%	०.००%

मूल्य अभिवृद्धि कर	३१.९३%	३२.४१%	३२.००%	३२.७८%	३२.३१%
अन्तःशुल्क	१६.९४%	१५.७८%	१४.३८%	१६.८१%	१६.०२%
विशेष सेवामा लाग्ने कर	०.१३%	०.२९%	०.५८%	०.२१%	०.३२%
पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर	४.३९%	४.७०%	३.९५%	४.०८%	५.७२%
आयातमा लाग्ने भन्सार महसुल	१९.०३%	१९.३३%	१६.८०%	१८.५९%	१९.००%
निर्यातमा लाग्ने भन्सार महसुल	०.०४%	०.०३%	०.०२%	०.०३%	०.०२%
वैदेशिक व्यापारमा आधारित अन्य कर	१.१२%	१.२०%	०.८७%	०.८२%	०.८०%
अन्य कर	०.००%	०.००%	०.०२%	०.३१%	०.८४%

कूल कर राजस्वमा अन्य कर र सम्पत्ति करको हिस्सा नगण्य रहेको छ। कर राजस्वमा सबैभन्दा बढि योगदान मूल्य अभिवृद्धि करको रहेको छ (सरदर ३२ प्रतिशत) जसको अधिकतम हिस्सा आयात गर्दा वस्तु वा सेवामा लगाइएको कर रहेको छ। त्यसपछि आयकरको हिस्सा सरदर २५ प्रतिशत, आयातमा लाग्ने भन्सारको हिस्सा सरदर १९ प्रतिशत र अन्तःशुल्कको हिस्सा सरदर १६ प्रतिशत रहेको छ। कूल कर राजस्वमा ९० प्रतिशतभन्दा बढि योगदान यिनै चारवटा करहरुको रहेको छ।

३.५. आन्तरिक राजस्व र भन्सारमा आधारित करको हिस्सा

नेपालको व्यवसाय आयातमुखी र व्यापारमा आधारित छ। जसको कारण कर राजस्वमा भन्सारमा आधारित करको हिस्सा अधिकतम हुने गर्दछ। कूल कर राजस्वमा आन्तरिक राजस्व र भन्सारमा आधारित करको हिस्सा देहाय बमोजिम रहेको छः

विषय	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
आन्तरिक राजस्व	४,८६६,४१८	४,३२६,२४८	३,८७१,३७९	३,६३५,६२६	३,०३९,९५७
भन्सारमा आधारित कर	४,९७६,९०१	४,३७४,८८८	३,१२९,१७६	३,७३५,५५७	३,३६१,७३८
कूल कर राजस्वमा यसको हिस्सा	**५०.५६%**	**५०.२८%**	**४४.७०%**	**५०.६८%**	**५२.५१%**

माथि तालिकामा देखाइए अनुसार आ.व. मा बाहेक ५० प्रतिशत बढि कर राजस्व भन्सारमा आधारित कर रहेको छ।

३.६. करको प्रगतिशीलता

प्रगतिशील कर प्रणालीमा कानुनी प्रबनध गरी कम आय हुनेले राज्यलाई कम कर तिर्ने र बढि आय हुनेले बढि कर तिर्ने अवस्था सृजना गरिन्छ। आम्दानीको आधारमा कर लाग्ने अवस्था भए त्यस्तो कर बढि प्रगतिशील मानिन्छ। उपभोगको आधारमा तिरिने कर खर्चको आधारमा तिर्न पर्ने भएकोले कम आम्दानी भएको व्यक्ति र बढि आम्दानी भएको व्यक्तिले बराबर कर तिर्नपर्ने हुन्छ। तसर्थ, कूल कर राजस्वमा आयमा आधारित करको हिस्सा बढि भएमा त्यस्तो कर प्रणाली प्रगतिशील मानिन्छ। यसैको आधारमा नेपालको कर सङ्कलनको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छः

विषय	आ.व. २०७८/७९	आ.व. २०७७/७८	आ.व. २०७६/७७	आ.व. २०७५/७६	आ.व. २०७४/७५
कूल कर राजस्वमा आयमा आधारित करको हिस्सा	२६.४१%	२६.२५%	३१.३९%	२६.३६%	२४.९८%
कूल कर राजस्वमा उपभोगमा आधारित करको हिस्सा	७३.५९%	७३.७५%	६८.६१%	७३.६४%	७५.०२%

उपर्युक्त सिद्धान्तको आधारमा नेपालको कर सङ्कलनको अवस्थालाई हेर्दा कर प्रणाली प्रगतिशील देखिँदैन।

४. आर्थिक विधेयक, २०८० ले प्रस्ताव गरेको नयाँ कर र प्रचलित कर कानुनको संशोधन

४.१. आ.व. ०८०/८१ देखि लागू हुने नयाँ कर र यसले पार्ने प्रभाव

आर्थिक विधेयक, २०८० मार्फत नेपाल सरकारले देहायका नयाँ करहरु लगाउने व्यवस्था गरेको छः

करको नाम	लागू हुने मिति	प्रभाव
विलासिता शुल्कः पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातित मदिरा र दश लाख रूपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहना बिक्रीका दुई प्रतिशतका दरले लाग्ने	२०८०/०४/०१	• पाँच तारे होटलको बसाइ महङ्गो भई विलासी पर्यटकको लागत वृद्धि हुने ।
वैदेशिक पर्यटन शुल्कः विदेशमा पर्यटन भ्रमणका लागि जाने नेपाली पर्यटकले गर्ने भुक्तानी रकममा पाँच प्रतिशतका दरले लाग्ने	२०८०/०४/०१	• नेपालीको विदेश घुमघाम महङ्गो हुने
वैदेशिक रोजगार सेवा शुल्कः वैदेशिक रोजगारमा जाने व्यक्तिबाट क प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क असुल गर्ने	२०८०/०४/०१	• नेपालमा रोजगारी नपाएका जनताबाट थप करको असुली • फ्रि टिकट फ्रि भिसाको विरुद्ध
शिक्षा सेवा शुल्कको दर दुई प्रतिशतबाट तीन प्रतिशत पुऱ्याइएको	२०८०/०२/१५	• विदेश अध्ययन थप महङ्गो हुने

४.२. प्रचलित कर कानुनमा आर्थिक विधेयकमार्फत गरिएको व्याख्या र यसले पार्ने प्रभाव

आर्थिक विधेयक, २०८० मार्फत आयकर ऐन, २०५८ पश्चातदर्शी संशोधन हुने गरी छुट सुविधाको नाममा आयकर ऐन, २०५८ को केही प्राबधानहरुको व्याख्या गरिएको छ । यस्ता तीन व्याख्या, प्रचलित कर कानुनको सिद्धान्त र कर निश्चिततताको सिद्धान्त प्रतिकूलका विषय यस खण्डमा चर्चा गरिएको छः

आर्थिक विधेयकको दफा	सुविधाको नाममा ल्याइएको व्यवस्था	साविकको व्याख्या वा कर कानुनको व्यवस्था	प्रभाव
दफा २६	कुनै निकायले फर्दर पब्लिक अफरिङ (एफपिओ) बाट प्रिमियम मूल्यमा शेयर जारी गरी प्राप्त भएको रकममध्ये आर्थिक वर्ष २०७८/७९ सम्म हिताधिकारीलाई बोनस शेयरको रूपमा वितरण गरेको लाभांश रकमलाई आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (३) बमोजिम आयमा समावेश गरी कर दाखिल नगरेको भए उक्त रकममा लाग्ने कर संवत् २०८० साल मंसिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ ।	शेयर प्रिमियम रकम कुनै पनि निकायमा हिताधिकारीले गरेको पूँजी योगदान भएकाले आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (३) आकर्षित नहुने व्याख्या आन्तरिक राजस्व विभागले गरेको थियो ।	सुविधाको नाममा ल्याइएको यस व्यवस्थाले निकायले प्राप्त गर्ने पुँजीमा पनि २०५८ चैत्र १९ गतेबाट नै आयकर लाग्ने अवस्था सृजना भएको छ । यस व्यवस्था आयकर कानुनको आयमा मात्र कर लाग्ने सिद्धान्तको विपरित रहेको र यसले कानुनलाई पश्चातदर्शी संशोधन गरेको देखिन्छ ।
दफा २७	निकायहरु आपसमा गाभिदा वा प्राप्ति (मर्जर वा एक्विजिसन) मा	आर्थिक ऐन, २०६७ ले आयकर ऐन, २०५८ मा	सौदाबाजी लाभ नहुने कानुनी प्रबन्धलाई

	सौदाबाजी गर्दा प्राप्त लाभ (बार्गेन पर्चेज गेन) वापतको आयलाई कर प्रयोजनको लागि आयमा समावेश गरी कर दाखिल नगरेको भए आर्थिक वर्ष २०७८/७९ सम्मको त्यस्तो आयमा लाग्ने कर संवत् २०८० साल मंसिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ ।	दफा ४७क थप गरी बैंक वित्तीय संस्था र बीमा कम्पनीहरुबीचको मर्जरलाई प्रोत्साहन गर्न गाभिई निसर्ग हुने कम्पनीको कराधार नै हस्तान्तरण भई कर प्रयोजनका लागि सौदाबाजी लाभ नहुने कानुनी प्रबन्ध रहेको	संशोधन गर्ने गरी मिनाहाको नाममा कानुनलाई पश्चातदर्शी संशोधन गरेको देखिन्छ ।
दफा २९	प्राकृतिक व्यक्तिले नियमित व्यवसायको रूपमा धितोपत्र, जग्गा तथा घरजग्गाको कारोबारको आय विवरण तथा कर दाखिला गर्न बाँकी रहेको भए आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको त्यस्तो कारोबारको घोषणा गरी आयकर ऐन, २०५८ बमोजिम लाग्ने करको पचास प्रतिशत रकम संवत् २०८० साल चैत मसान्तभित्र दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, शुल्क तथा व्याज मिनाहा हुनेछ । यसरी कर दाखिल गर्ने प्राकृतिक व्यक्तिको सो भन्दा अघिल्ला आर्थिक वर्षहरूको कर, शुल्क तथा व्याज मिनाहा हुनेछ ।	धितोपत्र र घर जग्गामा कारोवार गर्ने उद्देश्यले प्राइभेट फर्म दर्ता गरी कारोवार गरिरहेका प्राकृतिक व्यक्तिहरुको हकमा बाहेक प्रचलित आयकर कानुनमा कस्तो अवस्थामा नियमित व्यवसायको रूपमा धितोपत्र, जग्गा तथा घरजग्गाको कारोबार हुन्छ भन्ने स्पष्ट व्यवस्था छैन ।	मिनाहाको नाममा ल्याइएको यस्तो व्यवस्थाले आन्तरिक राजस्व विभागले जुनसुकै बेला आफूलाई लागेको व्याख्या गरी धितोपत्र, जग्गा तथा घरजग्गाको कारोबार गरिरहेका प्राकृतिक व्यक्तिलाई अहिले तिरिरहेको आयकर दर भन्दा बढि दरमा कर लगाउने अवस्था सृजना भएको छ । कर कानुनको अस्पष्टतामा लाभ करदातालाई हुनुपर्ने कर कानुनको सामान्य सिद्धान्तलाई चुनौति दिन आर्थिक विधेयकलाई हतियार बनाइएको देखिन्छ ।
दफा ३४	हायर पर्चेज कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिल नगरेको भएमा आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको कारोबारको दुई प्रतिशतले हुने रकम संवत् २०८० साल मंसिर मसान्तसम्म दाखिल गरेमा आर्थिक वर्ष २०७७/०७८ र सो भन्दा अघिका आर्थिक वर्षहरुको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिनाहा हुनेछ ।	हायर पर्चेज कारोबार वित्तीय कारोबार भएकाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा पर्ने कारोबार हो ।	मिनाहाको नाममा ल्याइएको यस्तो व्यवस्थाले हायर पर्चेज कारोबारलाई वित्तीय कारोबारभन्दा बाहेक गर्ने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को पश्चातदर्शी संशोधन गरेको देखिन्छ ।
दफा ३५	संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका गैरसरकारी संस्थाहरुले दातृ निकाय वा अन्तर्राष्ट्रिय गैरसरकारी	गैरसरकारी संस्थाहरुले दातृ निकाय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त	मिनाहाको नाममा ल्याइएको यस्तो व्यवस्थाले अनुदानमा मूल्य अभिवृद्धि कर

	संस्थाहरुबाट प्राप्त अनुदानमा मूल्य अभिवृद्धि कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विरहेको मुद्दा फिर्ता लिई संवत् २०८० साल मंसिर मसान्तसम्ममा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएमा निर्धारण भएको मूल्य अभिवृद्धि कर र त्यसमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।	अनुदानमा सेवा शुल्क होइन र यस्तो रकममा मूल्य अभिवृद्धि कर आकर्षित हुँदैन। कर अधिकृतले गलत कर निर्धारण गरेकोमा मूल्य अभिवृद्धि कर कानुन अनुसार निजहरुलाई विभागीय कारबाही गर्नुपर्नेमा गलत अभ्यासलाई यस्तो व्यवस्थामार्फत वैधता दिइएको छ।	आकर्षित हुने गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को पश्चातदर्शी संशोधन गरेको देखिन्छ।

४.३. विना आधार नीतिगत अपचलन देखिने गरी दिइएका छुटहरु

आर्थिक विधेयक, २०८० मार्फत देहायका छुटहरु दिइएको देखिन्छः

- सञ्चार गृह (मिडिया हाउस) को कारोबार गर्ने बासिन्दा व्यक्तिलाई आय वर्ष २०७९/८० मा आफ्नो व्यावसायिक उद्देश्य अनुरुपको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशत छुट हुने,
- आँखा अस्पताललाई कारोबार रकमको पाँच प्रतिशत कर तिरेमा निजहरुको बिक्रीमा लाग्ने मूल्य अभिवृद्धि कर छुट हुने,
- सुजीको कारोबार गर्नेले आर्थिक वर्ष २०७१/०७२ देखि संवत् २०७६ साल जेठ १४ गतेसम्मको कारोबारमा रकमको पाँच प्रतिशत कर तिरेमा निजहरुको बिक्रीमा लाग्ने मूल्य अभिवृद्धि कर छुट हुने,
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका निर्माण व्यवसाय गर्ने व्यक्तिले संवत् २०७९ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र ब्याजको पचास प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने,
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका निर्माण व्यवसाय गर्ने व्यक्तिलसंवत् २०७९ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता कर र ब्याजको पचास प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने थप दस्तुर र बाँकी ब्याज मिनाहा हुने,
- मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर दाखिला नगरेको भए मूल्य अभिवृद्धि कर लाग्ने अवधिको कारोबार रकमको पाँच प्रतिशतले हुने रकम संवत् २०८० साल पुस मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने। त्यस्तो कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको पाँच प्रतिशतले हुने रकम संवत् २०८० साल पुस मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने,
- मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएका जडिबुटीमा आधारित उद्योगले आर्थिक वर्ष २०७१/०७२ देखि मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेको भएमा मूल्य अभिवृद्धि करमा दर्ता भई आर्थिक वर्ष २०७१/०७२ देखि संवत् २०८० साल जेठ १४ गतेसम्मको कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने,

- अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क निर्धारण र असुल गरी विवरण पेश गर्नुपर्ने दायित्व भएका स्वयं निष्कासन प्रणालीमा आधारित अन्तःशुल्क इजाजतपत्र लिएका वा नलिएका दुधमा आधारित सुवासयुक्त पेय पदार्थ उत्पादन गर्ने उद्योगले इजाजतपत्र नलिएको भए इजाजतपत्र लिई संवत् २०७९ साल चैत्र मसान्तसम्मको कारोबारको बुझाउनु पर्ने अन्तःशुल्क विवरण र अन्तःशुल्क रकम संवत् २०८० साल असोज मसान्तसम्म दाखिल गरेमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिवाना र विलम्ब शुल्क मिनाहा हुने ।

४.४. प्रचलित कर कानुनमा गरिएको संशोधन प्रस्ताव र यसले पार्ने प्रभाव

आर्थिक विधेयक, २०८० मार्फत प्रचलित कर कानुनमा गरिएको संशोधन र त्यसको प्रभाव यसै प्रतिवेदनको अनुसुची २ मा प्रस्तुत गरिएको छ ।

४.५. आर्थिक विधेयकका प्राबधान लागू गर्न गरिएको विगतको अभ्यास

विगत वर्षहरुमा संसदले आर्थिक विधेयक पारित नगरुञ्जेलसम्म करका व्यवस्था तत्काल लागू गर्न सामयिक कर असुली ऐन, २०१२ अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गर्ने गरिन्थ्यो । तर यस वर्ष संवत् २०८० जेठ १५ बाट नै लागू हुने कर कानुनका व्यवस्थाहरु लागू गर्न सामयिक कर असुली ऐन, २०१२ अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको भेटिएन । यसले गर्दा संसदले पारित गरे पछि राष्ट्रपतिबाट प्रमाणीकरण भई नेपाल राजपत्रमा छापिए पछि मात्र लागू हुन पर्ने विधेयक संसदमा पेश भएकै आधारमा लागू गरिएको देखिन आयो ।

४.६. आर्थिक विधेयकका प्राबधानको प्रगतिशीलता

यसै प्रतिवेदनको बुँदा ४.२ मा उल्लेख भए अनुसार प्रचलित कर कानुनलाई पश्चातदर्शी रुपमा संशोधन गर्न छुट वा मिनाहाको भाषा प्रयोग गरी आर्थिक विधेयक, २०८० मा व्यवस्था गरिएको छ ।

त्यस्तै, विना कुनै आधार र कारण केही निश्चित व्यवसाय गर्ने व्यवसायीहरुलाई फाइदा पुग्ने गरी नियमित रुपमा तिर्नुपर्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिइएको छ । सञ्चार माध्यमलाई त आयमा तिर्नुपर्ने आयकरमा नै छुट दिइएको छ ।

वस्तुको आन्तरित उपभोगमा आधारित मूल्य अभिवृद्धि कर लागू भए पछि पनि अन्तःशुल्क लाग्ने वस्तुको सुची घट्नुपर्नेमा यस वर्ष थप ३०० वस्तुमा अन्तःशुल्क लगाइएको छ । त्यस्तै, कर समता र प्रगतिशील करको सिद्धान्त अनुसार आयमा आधारित कर निर्भरतातर्फ अघि बढ्नुपर्नेमा आलु, प्याज, स्याउ लगायत थप १६७ वस्तुको कारोबारमा मूल्य अभिवृद्धि कर लगाइएको छ ।

करदातालाई कर रकमको निश्चितता हुनुपर्ने र कर कानुन जटिल हुन नहुने सिद्धान्तको प्रतिकूल हुने गरी कर कानुनको अहिले व्याख्या गरी विगतको कर माग गरिएको छ ।

तसर्थ, आर्थिक विधेयक, २०८० को व्यवस्थाले नेपालको कर प्रणालीलाई प्रगतिशील बन्न दिएको छैन । क

५. शिक्षा बजेटको विश्लेषण

५.१. विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा छुट्याइएको बजेट

कूल विनियोजनमा शिक्षा क्षेत्रको विनियोजन

विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा विनियोजन गरिएको कूल बजेटको अवस्था तलको तालिकामा देखाइएको छः

(रकम रु. लाखमा)

आ.व.	शिक्षा क्षेत्रमा विनियोजन	कूल बजेट	विनियोजन प्रतिशत
२०८०/८१	१,९७७,७५५.००	१९,२५२,३३८.००	१०.२७%
२०७९/८०	१,९६८,९३१.००	१९,५६८,६६४.००	१०.०६%
२०७८/७९	१,८००,४११.००	१७,६२६,०९०.००	१०.२१%
२०७७/७८	१,७२१,९२२.००	१५,९६७,८५४.००	१०.७८%
२०७६/७७	१,६३७,५५९.००	१६,६३८,६२१.००	९.८४%

२०७५/७६	१,३४१,८७५.००	१४,२९४,०१७.००	९.३९%

हरेक वर्ष शिक्षा क्षेत्रमा कूल विनियोजनको १० प्रतिशत हाराहारी रकम विनियोजन भएको देखिन्छ ।

विभिन्न तहका सरकारगत तथा विद्यालयका तहगत विगत ६ वर्षहरुको विनियोजन अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

५.२. विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा भएको यथार्थ खर्च

शिक्षा क्षेत्रमा आ.व. २०७४/७५ बाट २०७८/७९ सम्मको संघीय सरकारले गरेको यथार्थ खर्चको विवरण देहायमा प्रस्तुत गरिएको छः

(रकम रु. करोडमा)

विवरण	आर्थिक वर्ष					फागुन सम्मको
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
पूर्व प्राथमिक तथा प्राथमिक	३५.५७	३,१७७.२८	४२.४६	४४.२६	४४.५९	२०.५२
माध्यमिक शिक्षा	–	१.५०	–	–	–	–
उच्च शिक्षा	–	–	–	–	–	–
तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)	२,०१७.३६	१७९.९४	१६९.१२	१३५.३३	१४४.५५	५३.८७
शिक्षाका लागि सहायक सेवाहरु	२,४०७.९२	४,२३२.८४	३,३७२.८१	३,२९२.४१	३,८७४.६४	३,१७२.५२
शिक्षा अनुसन्धान विकास	–	२७.४८	१.६८	१.८०	१.९१	३६.०७
शिक्षा अन्यत्र वर्गीकृत नभएको	४१.०६	२२८.२५	३५४.०२	२४०.७८	१९५.९७	९४.७८
कूल रकम	**४,५०१.९०**	**७,८४७.२९**	**३,९४०.०९**	**३,७१४.५८**	**४,२६१.६६**	**३,३७७.७७**

(स्रोतः आर्थिक सर्वेक्षण, २०८०)

५.३. शिक्षा क्षेत्रको विनियोजन र यथार्थ खर्चको तुलना

बजेट विनियोजन गर्दा तहगत बजेट विनियोजन गरिएको भए पनि उपलब्ध यथार्थ खर्चको तथ्याङ्कहरु बजेटमा प्रस्तुत आँकडा अनुसार नभएकोले विनियोजन र यथार्थ खर्चको तुलना गर्न सम्भब भएन ।

५.४. शिक्षा क्षेत्रको खर्चको स्रोत

विगत पाँच वर्षमा शिक्षा क्षेत्रमा वैदेशिक ऋण तथा अनुदानबाट देहाय बमोजिम स्रोतबाट खर्च व्यहोरेको पाइयोः

(रकम रु. करोडमा)

विवरण	आर्थिक वर्ष					फागुन सम्मको
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
वैदेशिक अनुदान						
पूर्व प्राथमिक तथा प्राथमिक	२४.३५	०.७१	३३.१८	३५.२८	३६.१७	१२.८५
तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)	२५७.७२	४३.९६	७४.०९	३७.५१	५५.०७	६.५६
शिक्षाका लागि सहायक सेवाहरु	–	–	–	–	–	६१.३४
शिक्षा अन्यत्र वर्गीकृत नभएको	१०.५३	१.६२	२.१३	२६.६५	–	–

वैदेशिक ऋण						
पूर्व प्राथमिक तथा प्राथमिक	०.००	०.००	०.००	०.००	०.००	१.२५
तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)	३८६.२०	१०.५३	५.४९	७.६८	१.३३	०.००
शिक्षाका लागि सहायक सेवाहरु	०.००	०.००	०.००	३०.००	१४४.००	१६०.८६
शिक्षा अनुसन्धान विकास	०.००	०.००	०.००	०.००	०.००	३४.५०
शिक्षा अन्यत्र वर्गीकृत नभएको	२८.७१	१७७.२९	३२८.४४	१८८.९८	१५०.१६	८४.२२
कूल वैदेशिक ऋण तथा अनुदान	**७०७.५२**	**२३४.११**	**४४३.३३**	**३२६.१०**	**३८६.७३**	**३६१.५७**

(स्रोतः आर्थिक सर्वेक्षण, २०८०)

६. ट्याक्सएड एलाएन्सको सुझाव र आर्थिक विधेयक, २०८०

ट्याक्सएड एलाएन्सले बजेट आउनु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालय तथा आन्तरिक राजस्व विभागमा आफ्नो सुझाव पेश गरेकोमा सो सुझाव अनुसार आर्थिक विधेयक, २०८० मार्फत प्रचलित कर कानुनमा कुनै सुधार गरेको देखिएन । प्रगतिशील कर कानुनको अवधारणा र कर न्यायमा थप कदम चाल्नुको सट्टा यसै प्रतिवेदनको बुँदा ४ मा उल्लेख गरिए अनुसार कर कानुनको पश्चातदर्शी व्यवस्था गरिएको, कानुनी संशोधनले कर निश्चिततालाई खण्डन गरेको र कर न्यायको सिद्धान्तलाई आत्मसाथ गर्न नसकेको अवस्था छ ।